# मेचीनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल

## *कर,शुल्क अशुली ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सूचना*

प्रथम पटक प्रकाशित मिति २०७५/०२ /१८

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको कर,शुल्क असुली गर्न तपशिलमा उल्लेख भएको न्युनतम अंकमा नघटाई आ.व. २०७५/२०७६ वर्ष एक कालागि तोकिएको शर्त बन्देजमा रही ठेक्का लिन चाहने इच्छुक मु.अ.कर (VAT) दर्ता फर्मले सूचनामा तोकिएको मिति र समय भित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा, झापाबाट बोलपत्र फारम खरिद गरि तोकिएको मिति र समय भित्र मेचीनगर नगरपालिका कार्यालय ईटाभट्टा,झापामा रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ वा www.mechinagarmun.gov.np मा समेत हेर्न सक्नु हुनेछ ।

*तपशिल*

१) धरौटी बापत आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) रकम न.पा.को नाउँमा रहेको नेपाल बैंक लिमीटेड काकरभिट्टा स्थित धरौटी हि.नं.ग-३ (१०६०३०००००००३००००२) मा जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको १२०(एकसय बिस) (नब्बे) दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । नगद धरौटीलाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता गर्नु पूर्व आफुले कवोल गरेको अंकको १३ प्रतिशत VAT ( मु.अ.कर ) वापतको रकम नेपाल सरकारको राजश्व खातामा जम्मा गरेको सक्कलै प्रति भौचर सहित कवुल अंकको ५% (पाँच) प्रतिशतका हिसावले हुन आउने थप धरौटी रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा आ.ब.२०७५/२०७६ को आषढ मसान्त सम्मको अवधिको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट मेचीनगर नगरपालिकाको नाममा जारी गरिएको परफरमेन्स वण्ड (बैंक जमानत पत्र) पेश गर्नु पर्नेछ ।

२) उल्लेखित शर्त बाहेक अन्य शर्तहरु बोलपत्र फारममा संलग्न हुने छ ।

३) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परेमा बिदा सकिएको लगतै भोलिपल्ट मानिनेछ ।

**तपशिल**

| सि. नं. | ठेक्काको नाम | न्युनतम बार्षिक अंक रु | फारम दस्तुर रु | फारम खरिद गर्ने अन्तिम मिति र समय | फारम दाखिला गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई सेवा शुल्क | ६००००००/०० | ३०००/०० | सूचना प्रकाशित भएको मितिले ३० औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले ३१ औ दिन १२ बजेसम्म | |
| २ | विज्ञापन कर | ७०००००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |
| ३ | पशुहाट सेवा शुल्क | ३२५०५०१/०० | ३०००/०० | सूचना प्रकाशित भएको मितिले ३० औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले ३१ औ दिन १२ बजेसम्म | |
| ४ | हाट बजार दैनिक तथा साप्ताहिक | १५०००००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |
| ५ | शौचालय धुलाबारी काकरभिट्टा | १०५२१००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |
| ६ | शौचालय चारआली | १०००००/०० | १०००/०० | सूचना प्रकाशित भएको मितिले १५ औ दिन ४ बजेसम्म | सूचना प्रकाशित भएको मितिले १६ औ दिन १२ बजेसम्म | |

२०७५।२।१६.

पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत